सदरमुकाम एवम् महत्पूर्ण सार्वजनिक स्थलहरूमा सौर्य बत्ती जडान गरी सौन्दर्यीकरणका गरिनेछ। यसका लागि रू १८ करोड ७६ लाख विनियोजन गरेको छु।

८८. उर्जाको पहुँचमा सहजीकरण गर्दै विद्युत खपत बढाउन प्रदेश राजधानी स्थित सरकारी निकायहरू तथा प्रदेश भित्रका क्याम्पसहरूमा स्नातकोत्तर तहमा अध्ययनरत छात्राहरूलाई विद्युतीय चुल्हो निःशुल्क वितरण गर्ने व्यवस्था गरिनेछ। भदौ महिना भित्र प्रदेश मन्त्रालयहरूबाट खाना पकाउने ग्यास विस्थापित गरिनेछ र मातहतका कार्यालयबाट क्रमशः विस्थापित गर्दै लगिनेछ।

८९. बढ्दो उर्जाको माग र आपूर्तिलाई वैज्ञानिक तवरबाट व्यवस्थापन गरी उर्जा उत्पादन, वितरण र व्यवस्थापन गर्न लुम्बिनी उर्जा विकास कम्पनी स्थापना गरिनेछ। बहु प्रतीक्षित नौमुरे बहुउद्देशीय जल विद्युत आयोजना नेपाल सरकारको समन्वयमा प्रदेशबासी, स्थानीय तह तथा प्रदेश सरकार समेतको सहभागिता र सहयोगमा निर्माण तथा सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

९०. स्थानीय तहको समन्वयमा सञ्चालन गरिदै आएको पूर्ण सरसफाइ कार्यक्रमलाई निरन्तरता दिएको छु। प्रदेश सरकारको "**एक घरः एक धाराको सङ्कल्प**"लाई पूरा गर्न सबै स्थानीय तहहरूको खानेपानी सरसफाइ तथा स्वच्छता योजना (वास प्लान) तयार गरी सोही योजनाको आधारमा खानेपानी सम्बन्धी आयोजनाहरू कार्यान्वयन गरिनेछ। उक्त कार्यका लागि रू. २ अर्ब ६५ करोड ४९ लाख विनियोजन गरेको छु।